# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १४ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- बिनाशकारी भल पैह्रोले प्रभावित बनेको पिडितहरुलाई भेट्न आज पश्चिम बङ्गाल राज्य कि मुख्यमन्त्री ममता ब्यानर्जीले मिरिकको भ्रमण गर्नुभयो ।

- इलेक्ट्रोनिक्स र सूचना प्रोधौगिकी मन्त्री अश्विनी वैष्णवले आज आन्ध्र प्रदेशमा गुगलले घोषणा गरेको नयाँ गीगावाट स्केल एआई केन्द्रले भारत एआई मिशनको लक्ष्यहरू पूरा गर्न लामो यात्रा तय गर्ने बताउनु भएको छ।

- कलकत्ता उच्च न्यायालयले भाजपा सांसद खगेन मुर्मु र विधायक शंकर घोषमाथि भएको आक्रमणको बारेमा राज्य सरकारसँग रिपोर्ट मागेको छ।

- चौथो शशीप्रभा स्मृति पुरस्कारको निम्ति दशवटा उत्कृष्ट कृतिहरू चयन गरिएको छ ।

- पश्चिम बंगालमा आगामी ५ देखि ७ दिनसम्म वर्षाको कुनै सम्भावना नरहेको जनाएको छ ।

**मिरिक -मुख्यमन्त्री भ्रमण**

बिनाशकारी भल पैह्रोले प्रभावित बनेको पिडितहरुलाई भेट्न आज राज्य कि मुख्यमन्त्री ममता ब्यानर्जी मिरिक आउनुभयो । यस अवधी उहाँले मिरिक थाना लाइन वार्ड नम्बर तीनमा ४ अक्टोबरको बिहान पैह्रोको चपेटमा परि ज्यान गुमाएका स्व.विजेन्द्र राई अनि स्व. उषा राईको घर पुगि मृतकका परिवारसँग भेट गर्नुभयो तथा मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुहुदै शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्नुभयो। त्यसपछि मुख्यमन्त्रीले मिरिक बजार सार्वजनिक भवनमा स्थापित राहत शिविरको पनि भ्रमण गर्नुभयो ।उहाँले शिविरमा बस्दै आइरहेका पीडितहरूसँग बातचित गर्नुहुदै पीडितहरूलाई राहत सामाग्रीहरू वितरण गर्नुभयो ।उहाँले यस अवधि भन्नुभयो - राज्य सरकारले मृतकका परिवारलाई ५ लाख रुपियाँ क्षतिपूर्ति दिने घोषणा गरेको छ र प्रभावित परिवारलाई राहत तथा पुनर्वासको ब्यवस्था गर्न कदम चालेको छ।यसरी नै उहाँले पीडित परिवारहरूको स्वस्थ्य,पैह्रोले पुरिएको कागज पत्रको कामकाजहरू,शिविरमा प्राप्त गर्नु पर्ने अन्य सुविधाहरू के कस्तो प्रकारले भइरहेको छ भन्नेबारे पनि पीडितहरूसँग जानकारी लिइन्। मुख्यमन्त्री संग गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा, दार्जीलिङका जिल्लापाल डा. प्रिति गोयल, मिरिक महकुमा शासक आईएएस तेन्जी सिमगी ओगेन, मिरिक नगरपालिका अध्यक्ष एल बी राई, लगायत अन्यको बिशेष उपस्थिति रहेको थियो।

**1Byte-मुख्यमन्त्री**

**इलेक्ट्रोनिक्स र सूचना प्रधौगिकी मन्त्री**

इलेक्ट्रोनिक्स र सूचना प्रोधौगिकी मन्त्री अश्विनी वैष्णवले आज भन्नुभयो - आन्ध्र प्रदेशमा गुगलले घोषणा गरेको नयाँ गीगावाट स्केल एआई केन्द्रले भारत एआई मिशनको लक्ष्यहरू पूरा गर्न लामो यात्रा तय गर्नेछ। गुगलले आन्ध्र प्रदेशको विशाखापट्टनममा आर्टिफिसियल इन्टेलिजेन्स केन्द्र स्थापना गर्न आगामी पाँच वर्षमा १५ अर्ब अमेरिकी डलर निवेश गर्ने घोषणा गरेको छ । यो संयुक्त राज्य बाहिर कम्पनीको सबैभन्दा ठूलो एआई केन्द्र हो। नयाँ दिल्लीमा भारत एआई शक्ति कार्यक्रममा बोल्नुहुदै श्री वैष्णवले भन्नुभयो, एआई केन्द्रले भारत एआई मिशनमा धेरै तरिकामा योगदान पुर्याउनेछ। उहाँले अझ भन्नुभयो , एआईले आज विश्वले काम गर्ने तरिकालाई मौलिक रूपमा परिवर्तन गरिरहेको छ।

**कलकत्ता हाई कोर्ट -भाजपा सांसद खगेन मुर्मू -विधायक शंकर घोष -हमला**

कलकत्ता उच्च न्यायालयले भाजपा सांसद खगेन मुर्मु र विधायक शंकर घोषमाथि भएको आक्रमणको बारेमा राज्य सरकारसँग रिपोर्ट मागेको छ। आज भएको सुनुवाइमा न्यायाधीश शम्पा दत्त पालले पुलिसलाई आक्रमणसँग सम्बन्धित केस डायरी न्यायालयमा पेश गर्न निर्देश दिनुभएको थियो । मुद्दाको अर्को सुनुवाई २७ अक्टोबर मा हुनेछ। ६ अक्टोबर मा दुई नेताहरू जलपाइगुडीको नगरकाटा गएर उत्तर बङ्गालको बाढ प्रभावित क्षेत्रको निरीक्षण गर्नुभएको थियो त्यहाँ दुवैले चर्को विरोधको सामना गर्नुपरेको आरोप छ। ठूलो संख्यामा मानिसहरुले उहाँहरुमाथि लाठी र जुत्ताले आक्रमण गरेका थिए जसको कारण सांसद खगेन मुर्मु अनि बिधायक शंकर घोष गम्भुर रुपमा घाइते बनेका थिए l यस घटनामा हालसम्म चार जना पक्राउ परेका छन्। अधिवक्ता अनिद्यसुन्दर दासले आक्रमणमा पुलिसको भूमिकामाथि प्रश्न उठाउँदै उच्च न्यायालयको ध्यानाकर्षण गराउँदै जनहित याचिका दर्ता गर्नुभएको छ ।

**सरकार - पश्चिम बंगाल - सिलीगुड़ी - राहत सामग्री**

सरकारले आज पश्चिम बंगालको वर्षा र बाडको प्रभावमा परेको सिलगुडीको निम्ति राहत सामग्री पठाएको छ। नयाँ दिल्लीमा पत्रकारहरूसँग बातचित गर्नुहुदै उत्तर पूर्वी क्षेत्र विकास राज्य मन्त्री डा. सुकान्त मजुमदारले केन्द्र सरकार र भारतीय जनता पार्टी प्रभावित क्षेत्रमा राहत कार्यमा सक्रियताका साथ जुटेको बताउनु भएको छ। बाढबाट प्रभावित परिवारका लागि राहत सामग्रीमा २ हजार ५ सय पोलिथिन शीट पनि रहेको उहाँले बताउनु भएको छ ।

**चौथो शशीप्रभा स्मृति पुरस्कार**

चौथो शशीप्रभा स्मृति पुरस्कारको प्राथमिक फलाफल पुरस्कार कार्यक्रमका आयोजक समिति समक्ष आईपुगेको जनाकारी मिरिक साहित्य सुनौ परिवारका प्रवक्ता अजम प्रधानले दिनुभएको छ।

**2-Byte-मनिष कानु**

**पुलबजार थाना लाइन- वैकल्पिक बाटो निर्माण ....**

सर्वसाधारणको समस्यालाई ध्यानमा राख्दै बिजनबारी पुलबजार नजिक थाना लाइन गाउँवासीहरूको निम्ति वैकल्पिक बाटो निर्माण कार्य शुरू गरिएको छ। विगत चार अक्टोबर रातीको अविरल बर्षाले पुल भत्किए पछि पुलबजार थाना लाइनका गाउँवासीहरूले धेरै असुविधा झेल्न परिरहेको छ। पुल भत्किए पछि विद्यार्थीहरू आउ जाऊ गर्न साथै आवश्यक सामग्रीहरू ल्याउन मानिसहरूलाई धेरै समस्या भइरहेको छ। यही समस्यालाई ध्यानमा राख्दै अहिले पुलबजार थाना लाइन जाने वैकल्पिक बाटोको निर्माण कार्य शुरू भए पछि स्थानीय नागरिकहरुले शान्तिको स्वास फेरेका छन्

**एसएनटी बस स्टैंड परिसर सशस्त्र सीमा बल (एसएसबी) जवान -मृत्यु**

सशस्त्र सीमा बल (एसएसबी) का एक जवानको शव आज सिलगडी एसएनटी बस स्ट्यान्ड परिसरबाट फेला परेको छ। । मृतक बिहारको पूर्वी चम्पारणका बासिन्दा बताइएको छ । सिएसबीका जवान अहिले सिक्किम पोक्याङमा कार्यरत थिए।उनीहरु छुट्टीमा घर जान गत राती एसएनटी बस बिसौनीमा पुगेका थिए । पुलिस सुत्र अनुसार,अनुसार एसएसबी जवान आज बिहान एसएनटी बसस्ट्यान्ड परिसरमा बेहोस अवस्थामा फेला परेका थिए। प्रधाननगर पुलिस घटनास्थल पुगेर शव शवलाई उद्धार गरि पोष्टमार्टमका लागि उत्तर बंगाल मेडिकल कलेज तथा अस्पताल पठाइएको छ।

**मौसम**

पश्चिम बंगालमा आगामी ५ देखि ७ दिनसम्म वर्षाको कुनै सम्भावना नरहेको जनाएको छ । उत्तर र दक्षिण बंगालका अधिकांश जिल्लामा आज वर्षा हुने छैन। उत्तर र दक्षिण २४ परगना तथा पूर्व र पश्चिम मेदिनीपुरमा ३०देखि ४० किलोमिटर प्रतिघण्टाको गतिमा हावाहुरीका साथ हल्कादेखि मध्यम वर्षा हुने सम्भावना व्यक्त गरिएको छ।

****** ○ ******